



प्रोफेसनल ट्रेनिङ कलेज
नाकानो स्कूल अफ बिजनेस

# अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना मार्गदर्शिका
# सन् 2027अप्रिल सत्र



सन् 2027 अप्रिल सत्रका लागि अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना सम्बन्धी जानकारी निम्नानुसार प्रस्तुत गरिएको छ।

## 1. आवेदन अवधि

| | आवेदन सुरु मिति | ध्यान दिनुपर्ने कुराहरू |
|---|---|---|
| पहिलो चरण | 2026/9/1 (मंगलबार) ～ | कार्यालय समय : बिहान 9:30 ～ साँझ 4:30<br>※ भर्ना संख्या पूरा भएपछि आवेदन प्रक्रिया बन्द गरिनेछ। |
| दोस्रो चरण | 2026/12/9 (बुधबार) ～ | |
| तेस्रो चरण | 2027/2/12 (शुक्रबार) ～ | |

## 2. भर्ना विभाग

| विभागको नाम | अध्ययनको अवधि | उपाधि |
|---|---|---|
| अन्तर्राष्ट्रिय व्यवसाय विभाग | 4 वर्ष | उच्च व्यावसायिक स्नातक※ |
| व्यवस्थापन सूचना व्यवसाय विभाग | 4 वर्ष | उच्च व्यावसायिक स्नातक※ |
| व्यवस्थापन व्यवसाय विभाग | 2 वर्ष | व्यावसायिक स्नातक |
| अंग्रेजी ग्लोबल व्यवसाय विभाग | 2 वर्ष | व्यावसायिक स्नातक |
| अर्थशास्त्र・लेखा व्यवसाय विभाग | 2 वर्ष | व्यावसायिक स्नातक |
| IT डिजाइन व्यवसाय विभाग | 2 वर्ष | व्यावसायिक स्नातक |
| AI・प्रोग्रामिङ व्यवसाय विभाग | 2 वर्ष | व्यावसायिक स्नातक |
| ट्राभल・होटल व्यवसाय विभाग | 2 वर्ष | व्यावसायिक स्नातक |

कक्षा समय : हप्ताको 5 दिन (सोमबार～शुक्रबार) बिहान 9:30～दिउँसो 2:40 **विद्यार्थी भर्ना संख्या 470 जना**

गर्मी बिदा: जुलाईको मध्य～सेप्टेम्बरको सुरुसम्म जाडो बिदा: डिसेम्बरको मध्य～जनवरीको सुरुसम्म
वसन्त बिदा: फेब्रुअरीको मध्य～अप्रिलको सुरुसम्म

※ अन्तर्राष्ट्रिय व्यवसाय विभाग र व्यवस्थापन सूचना व्यवसाय विभागको (4 वर्षे पाठ्यक्रम) पूरा गर्नेहरूलाई「**उच्च व्यावसायिक स्नातक**」को उपाधि प्रदान गरि, विश्वविद्यालय स्नातक सरह वा सोभन्दा बढी शैक्षिक योग्यता भएको मानिनेछ र उनीहरू स्नातकोत्तर मा भर्ना हुनका लागि योग्य हुनेछन्।

## 3. आवेदन योग्यता

(1) देखि (3) मा उल्लिखित सबै शर्तहरू पूरा गरेका आवेदकहरू मात्र योग्य हुनेछन्।

(1) विदेशी मुलुकमा नियमित **12 वर्ष**को विद्यालय शिक्षा पूरा गरेका व्यक्ति,
वा सो सरह वा सोभन्दा माथिको शैक्षिक योग्यता भएको मान्यता प्राप्त व्यक्ति

(2) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीद्वारा प्रमाणित「**प्रमाणित जापानी भाषा शिक्षण संस्था**」वा
「**न्याय मन्त्रीद्वारा आधिकारिक रूपमा तोकिएको जापानी भाषा शिक्षण संस्था**」मा 1 **वर्ष** वा **सोभन्दा बढी अवधि**
जापानी भाषा शिक्षा प्राप्त गरेका व्यक्ति,
वा **विद्यालय शिक्षा ऐनको धारा 1 मा व्यवस्था गरिएका विद्यालय**मा **कम्तीमा 1 वर्ष** वा **सोभन्दा बढी अवधि** शिक्षा प्राप्त गरेका व्यक्ति

(3) जापानमा अध्ययन अवधिभरको शिक्षण शुल्क तथा जीवनयापन खर्च वहन गर्न सक्ने **पर्याप्त आर्थिक क्षमता** भएका व्यक्ति

## 4. आवेदन कागजातहरु

(1) **भर्ना आवेदन फारम** (फोटो 1 प्रति टाँस्नुहोस्   ठाडो 4 से.मी × तेर्सो 3 से.मी)
(2) **विद्यार्थी परिचय पत्रका लागि फोटो फारम** (फोटो 1 प्रति टाँस्नुहोस्  ठाडो 4 से. मी × तेर्सो 3 से.मी)
(3) **आवेदक विवरण फाराम**
(4) जापानी भाषा विद्यालय **हाजिरी प्रमाणपत्र**, **अपेक्षित स्नातक प्रमाणपत्र** र **ट्रान्सक्रिप्ट**
(5) आफ्नै देशको अन्तिम विद्यालयको **स्नातक प्रमाणपत्र** र **ट्रान्सक्रिप्ट**
(6) **पासपोर्ट , जाइरियू कार्ड**
(7) **राष्ट्रिय स्वास्थ्य बीमा कार्ड**, **योग्यता सूचना पत्र** वा **योग्यता पुष्टि पत्र**
(8) **खर्च वहन विवरण** (आवेदकको नाममा रहेको सम्पूर्ण बैंक पासबुकका सबै पानाहरूको प्रतिलिपि)
(9) **पछिल्लो निवासी करको कर निर्धारण** (वा **कर नलागेको**) **प्रमाणपत्र** तथा **कर तिरेको प्रमाणपत्र**

माथिका कागजातहरू विद्यालयमा सिधै बुझाउनुहोस् वा हुलाकमार्फत पठाउनुहोस्। पेश गरिएका कागजातहरू फिर्ता गरिने छैनन्।

## 5. छनौट विधि

आवेदन प्राप्त भएपछि कागजात परीक्षण गरिनेछ। त्यसपछि जापानी भाषा लिखित परीक्षा (JLPT N2 सरह) तथा अन्तर्वार्ता सञ्चालन गरिनेछ। **छनौट शुल्क लाग्ने छैन।** नतिजा हुलाक मार्फत आवेदकको नाममा पठाइनेछ।

## 6. शिक्षाशुल्क तथा भर्ना प्रक्रिया

यस विद्यालयबाट उत्तीर्ण भएको सूचना प्राप्त गर्नुहुनेहरूले, कृपया निम्न बमोजिमको शुल्क बुझाई भर्ना प्रक्रिया पूरा गर्नुहोला।

| | पहिलो वर्षको शिक्षाशुल्क | | दोस्रो,तेस्रो,चौथो वर्षको शिक्षाशुल्क |
|---|---|---|---|
| | एकमुष्ट भुक्तानी गरेमा | तीन किस्तामा भुक्तानी गरेमा | |
| **भर्ना शुल्क** | 200,000 येन | 200,000 येन | — |
| **ट्युशन शुल्क** | 750,000 येन | 750,000 येन | 750,000 येन |
| **शिक्षण सामग्री • प्रशिक्षण शुल्क** | 30,000 येन | 30,000 येन | 30,000 येन |
| **सुविधा शुल्क** | 200,000 येन | 200,000 येन | 200,000 येन |
| **उप-जम्मा** | 1,180,000 येन | 1,180,000 येन | 980,000 येन |
| **अन्तर्राष्ट्रिय विद्यार्थी छात्रवृत्ति** | −200,000 येन | −160,000 येन | — |
| **कुल जम्मा** | **980,000** येन | 1,020,000 येन | 980,000 येन |

(1) पहिलो वर्षको शिक्षाशुल्क सम्बन्धमा निम्न ① वा ② मध्ये कुनै एक विधिबाट भुक्तानी गर्नुहोस्।

① एकमुष्ट भुक्तानी गर्ने अवस्थामा : **980,000** येन 「उत्तीर्ण भएको सूचना」 सँगै संलग्न गरिएको 「पहिलो वर्षको शिक्षाशुल्कको सूचना」 मा उल्लेख गरिएको मितिसम्म भुक्तानी गर्नुपर्नेछ।

शिक्षाशुल्क पूर्ण रूपमा भुक्तानी गर्नेहरूका लागि, 2027/1 पछि 「**भर्ना अनुमति पत्र**」 जारी गरिनेछ।

② तीन किस्तामा भुक्तानी गर्ने अवस्थामा : **1,020,000** येन निम्नानुसार भुक्तानी गर्नुपर्नेछ।

- पहिलो किस्ता : **300,000** येन 「पहिलो वर्षको शिक्षाशुल्कको सूचना」 मा उल्लेख गरिएको मितिसम्म भुक्तानी गर्नुहोस्।
- दोस्रो किस्ता : **300,000** येन **2027/2/12 (शुक्रबार)** सम्म भुक्तानी गर्नुपर्नेछ।

  दोस्रो भुक्तानी पश्चात 「**भर्ना अनुमति पत्र**」 जारी गरिनेछ।

  तर, तेस्रो चरणको भर्नाको हकमा 「प्रथम वर्षको शिक्षाशुल्क सम्बन्धी सूचना」 मा उल्लेख गरिएको मितिभित्र शुल्क बुझाउनुहोस्।
- तेस्रो किस्ता : **420,000** येन **2027/9/10 (शुक्रबार)** सम्म भुक्तानी गर्नुपर्नेछ।

(2) दोस्रो, तेस्रो र चौथो वर्षको शुल्कको लागि, प्रत्येक वर्ष **980,000** येन निम्न मितिहरूमा भुक्तानी गर्नुहोस्।

- दोस्रो वर्षको शुल्क : **2028/1/31 (सोमबार)** सम्ममा पूरा रकम भुक्तानी गर्नुपर्नेछ।
- तेस्रो वर्षको शुल्क : **2029/1/31 (बुधबार)** सम्ममा पूरा रकम भुक्तानी गर्नुपर्नेछ।
- चौथो वर्षको शुल्क : **2030/1/31 (बिहीबार)** सम्ममा पूरा रकम भुक्तानी गर्नुपर्नेछ।

(3) भर्ना रद्द सम्बन्धी

शिक्षाशुल्क बुझाइसकेपछि कुनै अपरिहार्य कारणले भर्ना रद्द गर्नुपरेमा 2027/3/31 (बुधबार) भित्र भर्ना रद्द निवेदन पेश गर्ने व्यक्तिलाई नियम 「18 文科高第 536 号」 अनुसार भर्ना शुल्क बाहेकको ट्युशन शुल्क आदि फिर्ता गरिनेछ। 2027/4/1 (बिहीबार ) पछि कारण जे भए पनि बुझाइएको शिक्षाशुल्क फिर्ता गरिने छैन।

यो दस्तावेज जापानी भाषामा तयार गरिएको भर्ना मार्गदर्शिकाको आधारमा तयार गरिएको अनुवाद संस्करण हो। सामग्री वा व्याख्यामा कुनै भिन्नता देखिएमा जापानी भाषाको भर्ना मार्गदर्शिका नै आधिकारिक मानिनेछ।


**प्रोफेसनल ट्रेनिङ कलेज**
**नाकानो स्कूल अफ बिजनेस**

सम्पर्क 0422-48-2004
090-5395-6771

भाइबर

फेसबुक